भौतिक पूर्वाधार विकास मन्त्रालय
प्रदेश नं. ५, बुटवल
दर्ता नं. ४०४०
मिति २०७७।१।११

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५
बुटवल, नेपाल

०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : २०७६/७७
चलानी नं. : ११६४

मितिः २०७७।०१।११

विषयः राजस्व असुली सम्बन्धमा ।

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
प्रदेश नं.-५, बुटवल ।

उपरोक्त सम्बन्धमा विश्वव्यापी रुपमा फैलिएको महामारी कोभिड-१९ को प्रभावका कारण नेपालमा जारी रहेको लकडाउनसँगै सबै आर्थिक गतिविधि ठप्प रहेकाले प्रदेश सरकारको तर्फबाट असुल उपर गरिने कर तथा गैरकर राजस्वहरुको असुली प्रक्रिया प्रभावित हुन गएको सम्बन्धमा प्रदेश सरकार (माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री) को मिति २०७७।०१।१० को निर्णयानुसार तपसिल बमोजिम कार्यान्वयन गर्नु गराउनुहुनका लागि अनुरोध छ ।

..........................
मातृका आचार्य
अधिकृत आठौं

तपसिल :

१. सवारी साधन कर, सवारी नवीकरण दस्तुर, सवारी चालक अनुमति पत्रको नवीकरण, सवारी रुट इजाजत नवीकरण दस्तुर, सवारी दर्ता, सवारी जाँचपास नवीकरण, सवारी प्रदुषण प्रमाणपत्र नवीकरण लगायतका सवारी साधनसँग सम्बन्धित कर, शुल्क, दस्तुर र जरिवानाको हकमा नेपाल सरकारद्वारा घोषित लकडाउनको अवधिमा राजस्व दाखिला गर्नुपर्ने गरी म्याद भएकोमा २०७७ आषाढ मसान्तभित्र बुझाएमा विलम्ब शुल्क तथा जरिवाना नलगाई असुल गर्ने ।

२. उपरोक्त सि.नं. १ मा उल्लेखित कर तथा गैरकर राजस्व बुझाउने समय LOCKDOWN प्रारम्भ हुनु अगावै बुझाउनु पर्ने भएकोमा LOCKDOWN को अवधि समाप्त भए पश्चात् २०७७ आषाढ मसान्तभित्र बुझाउन आएमा LOCKDOWN अवधिभरको विलम्ब शुल्क तथा जरिवाना नलगाई असुल गर्ने व्यवस्था मिलाउने ।